## मिति २०७८ साल असार ४ गते बसेको लिखु गाउँपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक निर्णय

**प्रस्तावहरू:**

१. आ.व. २०७९/८० का लागि श्रोत अनुमान सम्बन्धमा।

२. आ.व. २०७९/८० का लागि बजेटको सीमा निर्धारण सम्बन्धमा।

३. बजेट तथा कार्यक्रम निर्धारणका लागि  निर्देशन सम्बन्धमा।

**निर्णयहरु:**

१. **निर्णय नं. १:** प्रस्ताव नं. १ मा छलफल गर्दा मिति २०७९/०३/०४ गतेको राजश्व परामर्श समितिको प्रतिवेदन तथा आ.व. २०७९/८० को लागि प्राप्त हुने राजश्व बाँडफाँड र वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण तथा गाउँपालिकाको आन्तरिक राजश्व अनुमान लगायतको आधारमा आ.व. २०७९/८० का लागि यस गाउँपालिकाको देहाय बमोजिम श्रोत अनुमान गर्ने सर्वसम्मत निर्णय गरियो।

| सि.नं. | श्रोत | आ.व. २०७९/८० को प्रक्षेपण |
|---|---|---|
| १ | संघीय राजश्व | ६८९५००००.०० |
| २ | प्रदेश राजश्व | २६०६६८१.०० |
| ३ | संघीय समानीकरण | ८३४०००००.०० |
| ४ | प्रदेश समानीकरण | ४३०८०००.०० |
| ५ | आन्तरिक श्रोत | १२९९५३१८.०० |
| **जम्मा** | | १७२२५९९९९.०० |

२. **निर्णय नं.२:** प्रस्ताव नं. २ मा छलफल गर्दा बजेटको प्रकृति, भौगोलिक तथा विषयगत सन्तुलन समेत कायम गर्न देहाय बमोजिम बजेटको सीमा निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो।

| सि.नं. | **विषयगत क्षेत्र** | **बजेटको सीमा (हजार)** | **प्रतिशत** |
|---|---|---|---|
| १ | पूर्वाधार विकास गाउँपालिका | ३९९००००० .०० | २३.१६ |
| | पूर्वाधार विकास वडा समिति | ३१०५००००.०० | १८.०३ |
| २ | आर्थिक विकास | ७००००००.०० | ४.०६ |
| ३ | सामाजिक विकास | २२३५९९९९.०० | १२.९८ |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ३००००००.०० | १.७४ |

| | | | |
|---|---|---|---|
| ५ | सुशासन, संस्थागत विकास, प्रशासनिक तथा कार्यालय सञ्चालन | ६८९५००००.०० | ४०.०३ |
| | जम्मा | १७२२५९९९९.०० | १००. |

३. **निर्णय नं.३:** प्रस्ताव नं. ३ मा छलफल गर्दा बजेट तथा कार्यक्रमलाई दिगो विकास तर्फ लक्षित गरि आगामी आर्थिक बर्षका प्राथमिकताहरुमा जनताले स्पष्ट रुपले अनुभूति गर्ने गरि प्रगति हासिल गर्दै बजेट अनुशासन समेत कायम गराउन बजेट तथा कार्यक्रम तर्जुमा समिति र वडा समितिलाई देहायका निर्देशन जारी गर्ने सर्वसम्मत निर्णय गरियो।

- संविधान र प्रचलित कानून बमोजिम स्थानीय तहको कार्य जिम्मेवारी भित्र रहेका विषय, आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने।
- आवधिक तथा विषयक्षेत्र रणनीतिक/गुरुयोजनाको सोच, लक्ष्य, रणनीति, तथा प्राथमिकता अनुसारका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने।
- निर्णय नं. १ र २ मा निर्धारण भएको सीमा बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा गर्ने।
- चालु आर्थिक वर्षमा संचालित त्रमागत र अधुरा आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिने।
- आयोजन वैंकमा समावेश भएका वातावरणीय अध्ययन लगायत संभाव्यता अध्ययन भई डिजाईन, लागत अनुमान सहित विस्तृत अध्ययन प्रतिवेदन तयार भएका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने।
- अति विपन्न, सिमान्तकृत एवम् दलित, जनजाती, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक जस्ता लक्षित वर्ग, समुदाय र परिवारलाई प्रत्यक्ष लाभ पुग्ने आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने।
- वातावरण संरक्षण तथा जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन जस्ता विषयमा प्रत्यक्ष लाभ पुग्ने आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने।
- उद्यमशीलता, उत्पादन र रोजगार बृद्धि हुने एवं गाउँपालिकाको आन्तरिक आयमा बृद्धिमा योगदान गर्ने आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने।
- स्थानीय स्रोत, साधन, सीप, दक्षता, र कच्चा पदार्थमा आधारित उद्यम व्यवसाय सिर्जना र विकास गर्ने आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने।
- सामाजिक न्याय अभिबृद्धि गर्ने, सुशासन तथा जवाफदेहिता अभिबृद्धी र प्रवाहमा प्रभावकारिता अभिबृद्धि गर्ने कार्यक्रम प्रस्ताव गर्ने।
- कृषि, खाद्यान्न, पशुपंक्षी तथा पर्यटन उपजको उत्पादन, व्यवसायीकरण, विविधिकरण र औद्योगीकरणलाई सहयोग पुर्याउने आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने।

- स्थानीय तहको नीति तथा कानूनले निर्धारण गरेका दायित्वलाई सम्बोधन गर्ने आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने।
- योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र आविष्कारसँग सम्बन्धित आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने।
- बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरुको बचाउ, संरक्षण, विकास र सहभागिता अभिबृद्धि गर्ने आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने।
- गाउँपालिकाको समग्र तथा सन्तुलित विकासमा योगदान पुग्ने आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने।
- वडा समितिले चालु प्रकारका कार्यक्रम तथा योजना सिफारिस गर्न पाईने छैन।
- वडा समितिले स्वास्थ्य, शिक्षा, कृषि तथा पशु, महिला विकास, सुशासन प्रवर्द्धन लगायतका विषयगत कार्यक्रम प्राथमिकीकरण गरि गाउँ कार्यपालिकाको सम्बन्धित विषयगत समितिमा नै प्रस्ताव गर्ने।
- योजना प्रस्ताव गर्दा सो मा गरिने कृयाकलाप सुक्ष्म रुपमा स्पष्ट रुपले उल्लेख गर्ने।
- कुनै एक कार्यक्रमको प्रभाव बहुपक्षीय हुनसक्ने भएतापनि कार्यक्रम प्रस्ताव गर्दा एक भन्दा बढी विषयको सम्मिश्रण हुने गरि नगर्ने।
- साना, टुक्रे र संख्यात्मक रुपमा धेरै आयोजना छनौट नगरी उपलब्धीमूलक र प्रतिफलमुखी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने एवं सम्भव भए सम्म अनुमानित लागत अनुमान रु.२,००,००० (दुई लाख मात्र) वा सो भन्दा बढीको मात्र प्रस्ताव गर्ने।
- पूर्वाधार निर्माण तथा स्तरोन्नति सम्बन्धि योजना सिफारिस गर्दा वास्तविक प्रतिफल देखिने, पुनः सोही परिमाणमा श्रोत विनियोजन गर्नु नपर्ने तथा दिगो निर्माण हुने प्रकारका योजना मात्र सिफारिस गर्ने।
- गत वर्षको बाँकी कार्यको भुक्तानी गर्ने कार्य स्थानीय तथा अन्य प्रचलित कानून विपरीत हुने भएकोले सो प्रयोजनका लागि योजना सिफारिस नगर्ने।
- संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त कार्यक्रम तथा अन्य गैर सरकारी संस्थाबाट प्राप्त हुने कार्यक्रम समेत एकीकृत गरि आ.व. २०७९/८० को बजेट तथा कार्यक्रम तयार पार्ने।